# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ९) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल जेठ १३ गते २०८३ (संख्या १**

**भाग २**

## वैतेश्वर गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ (पहिलो संशोधन) २०८१

**(गाउँ कार्यपालिकाबाट पारित)**

(गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:२०८१।१०।२५)

**दफा (४) उपदफा (३) मा देहायको व्यहोरा संशोधन गरिएको छ।**

(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा (५) को समितिले मुल्याङ्कन तथा छनौट गर्नुपर्नेछ।

क. कागजात मुल्याङ्कन २० अंकभारको हुनेछ। कागजात मुल्याङ्कनमा न्युनतम ८ अंक प्राप्त गर्ने आवेदकहरुलाई संक्षिप्त सुचिमा सुचिकृत गरि छनौट सम्बन्धी परिक्षा संचालन गर्नुपर्नेछ।

- शैक्षिक योग्यता बापत - विशिष्ट श्रेणी - ८ अंक, प्रथम श्रेणी ७ अंक, द्वितिय श्रेणी ६ अंक तृतीय श्रेणी ५ अंक गणनाका आधार हुनेछन्। माथिल्लो योग्यतालाई १ अंक थप हुनेछ।
- कार्य अनुभव वापत वर्षको २ अंकको दरले बढिमा ३ वर्षको जम्मा ६ अंक (प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)।
- वैतेश्वर गाउँपालिका भित्रका स्थानीय बासिन्दा भएमा ५ अंक र अन्य स्थानीय तहको बासिन्दा भएमा ३ अंक।

ख. छनौट संम्बन्धी परिक्षा ६० अंकभारको लिखित र आवश्यकता अनुसार प्रयोगात्मक हुनेछ।(प्रयोगात्मक हुने अवस्थामा लिखित-४५ अंक र प्रयोगात्मक १५ अंक)। छनौट सम्बन्धि परिक्षामा न्युनतम छुट्टा छुट्टै ४० प्रतिशत अंक प्राप्त आवेदकहरु अन्तरवार्तामा समेल हुन योग्य हुनेछन्।

ग. अन्तरवार्ता २० अंकभारको हुनेछ, जस अनुसार अंक प्रदान गर्दा न्युनतम ८ र अधिकतम १४ को सीमाभित्र रहि प्रदान गर्नुपर्नेछ।

**दफा (५) मा देहायको व्यहोरा संशोधन गरिएको छ।**

५. छनौट समितिः माग पद संख्याका आधारमा कार्याविधिको दफा (४) को उपदफा (३) बमोजिमको छनौट सम्बन्धी कार्य गरि छनौट भएको उम्मेदवारलाई करार सम्झौताको सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत – संयोजक

ख. विषय विज्ञ – सदस्य

ग. विषयगत शाखा प्रमुख वा शाखा प्रमुख नभएको अवस्थामा प्रशासन शाखा प्रमुख– सदस्य

आज्ञाले

महेश पौडेल

प्रमुख प्रशासकीय अधिकृत

वैतेश्वर राजपत्र